प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक ५

दया देखाउने बानी

"जीवन ठूला बलिदानहरूले होइन, साना-साना कामहरूले बन्छ। मुस्कान, दयालु व्यवहार, र साना जिम्मेवारीहरू नियमित रूपमा पूरा गर्दा नै मानिसको हृदय जितिन्छ र सन्तोष मिल्छ।"

- १९ औं शताब्दिका प्रख्यात वैज्ञानिक सर हम्फ्री डेभी

तपाईं कस्तो खाले मूर्ख हुनुहुन्छ?

हरेक मानिस कुनै न कुनै प्रकारको **मूर्ख** हुन्छ! तर — "यो त ममा लागू हुँदैन" भनेर छिट्टै इन्कार गर्नु अघि, कृपया मेरो कुरा ध्यानपूर्वक सुन्नुहोस्। सम्भव छ — तपाईंले अझै पनि केही कुरा विचार गर्न बाँकी छ। र जब म कुरा गरिसक्छु, तपाईं सहमत हुन सक्नुहुन्छ — मूर्ख भनिनुमा पनि कहिलेकाहीं सही, उचित, र यहाँसम्म कि राम्रो पक्ष पनि हुन सक्छ...

"मूर्ख" (वा त्यसै अर्थका शब्दहरू) बाइबलमा झन्डै १५० पटक उल्लेख गरिएको छ— विभिन्न प्रकारका मानिसहरूको सन्दर्भमा। शब्दकोशका अनुसार, मूर्ख भनेको "बुझाइको अभाव भएको, सामान्य बुद्धि नहुने व्यक्ति।" आत्मिक दृष्टिले, यस्तो पनि भन्न सकिन्छ— "आत्मिक दृष्टि नहुने मानिस नै मूर्ख हो।"

बाइबलमा भजन ५३:१ मा **नास्तिक मूर्ख** छ— जो भन्छ, "परमेश्वर छैन।" हितोपदेश १४:९ मा **ठट्टा गर्ने मूर्ख** छ— जो पापलाई हल्का ठान्छ र पापसँग खेलबाड गर्दा केही नहुने ठान्दै आफूलाई नै धोका दिन्छ।

हितोपदेश २८:२६ अनुसार **स्वधर्मी मूर्ख** छ— जो भन्छ, जीवनमा सफल हुन वा स्वर्ग जान आफू बाहेक अरू कसैको आवश्यकता छैन। र लूका १२:२० मा **धनी मूर्ख** छ — जसले वर्तमान जीवन र अनन्तकाल दुवैका निम्ति ख्रीष्टको सट्टा धन-सम्पत्तिमै भर परेको थियो।

अब, यदि तपाईं साँच्चिकै ठूलो चुनौती स्वीकार्न चाहनुहुन्छ भने, १ कोरिन्थी ३:१८ को अन्तिम भागबारे सोच्नुहोस्: "...यदि कसैलाई लाग्छ कि ऊ संसारका हिसाबले बुद्धिमान् छ, ऊ मूर्ख बनोस्, ताकि ऊ बुद्धिमान् होस्!" तपाईं सोध्नुहोला: "कसरी मूर्ख बनेर बुद्धिमान् हुन सकिन्छ?" उत्तर १ कोरिन्थी ४:१० मा पाइन्छ— **बुद्धिमान् मूर्ख**: जसलाई संसारले मूर्ख भन्छ, किनकि ऊ मुक्तिका लागि केवल ख्रीष्टमाथि नै भरोसा गर्छ, र ख्रीष्टको निम्ति पापपूर्ण सुख-विलास त्यागेर कष्ट सहन तयार हुन्छ। परमेश्वर भन्नुहुन्छ: "यस्तो मूर्ख नै साँच्चिकै बुद्धिमान् हो!"

अन्त्यमा—**तपाईं** कस्तो किसिमको मूर्ख हुनुहुन्छ?

परमेश्वरको उपस्थितिको अभ्यास

सबै मानिसहरू बीच र सबै ठाउँमा परमेश्वरको उपस्थिति सधैं सम्झनामा राख्नुहोस्। परमेश्वर सर्वत्र उपस्थित हुनुहुन्छ। हाम्रो दैनिक कामकाजमा — हामीलाई रक्षा गर्न, हाम्रो विश्राम र मनोरञ्जनमा — हामीलाई संयमित राख्न, हाम्रा सार्वजनिक कामहरूमा — प्रोत्साहन वा हौसला दिन, हाम्रा व्यक्तिगत कार्यहरूमा — निगरानी गर्न, हाम्रो निद्रामा — पहरा दिन, र हाम्रो जाग्राममा — नयाँ ताजगी दिन। हामीले देख्ने प्रत्येक कुराले हामीलाई परमेश्वरको उपस्थिति, उहाँको महिमा र उहाँको शक्तिको सम्झना दिलाउन सक्छ। यदि हामी जीवनका सबै मार्गहरूमा परमेश्वरसँग हिँड्यौं — जसरी उहाँ हाम्रो साथमा हिँड्नुहुन्छ — हामीले निम्न प्रेरितीय अर्तीलाई दृढताका साथ अभ्यास गर्न प्रशस्त कारण पाउनेछौं: "सधैं आनन्दित रहो!" (१ थेस्सलोनिकी ५:१६)

भारी मनलाई हलुका बनाउने तरिका

कसैको हितका लागि केही गर्न थाल्नुहोस्। जुत्ता लगाउनुहोस्, र तपाईंको वरपरका बिरामी र गरिबहरूलाई भेट्न जानुहोस्; उनको अवस्थाबारे सोधपुछ गर्नुहोस्, र उनीहरूको आवश्यकता पूरा गर्न मद्दत गर्नुहोस्। त्यागिएका, दुःखी र पीडितहरूलाई खोज्नुहोस्, र उनीहरूलाई सुसमाचारले दिने सान्त्वनाहरूको बारेमा बताउनुहोस्। एकजना विश्वासीले लेखेका छन्, "मैले यो तरिका धेरै पटक प्रयोग गरेको छु, र सधैं देखेको छु— दुःखी मनका लागि यही नै सबै-भन्दा राम्रो औषधि हो।"



सम्पादकको टिप्पणी: पाठक मित्र, यदि तपाईंलाई आत्मिक कुरामा सल्लाह चाहियो भने, तल उल्लेख गरिएको चर्चसित सम्पर्क गर्नुहोस्। उहाँहरूले तपाईंलाई खुशीसाथ मद्दत गर्नुहुनेछ। यो पत्रिकाको उद्देश्य तपाईंलाई येशू ख्रीष्टमार्फत परमेश्वरको प्रेम बुझ्न र त्यसमा आनन्द पाउन मद्दत गर्नु हो।

बाइबलका लेखक

दुष्ट मानिसहरू र **दुष्ट** आत्माहरूले बाइबल लेखेका हुन सक्दैनन्, किनकि बाइबलले उनीहरूलाई र उनका कामलाई दोषी ठहर गर्छ। त्यस्तै गरी, **सच्चा** मानिसहरू र **स्वर्गदूतहरू**ले पनि बाइबल लेखेका हुन सक्दैनन्, किनकि यदि उनीहरूले आफ्नै रचनालाई "यो परमेश्वरबाट आएको वचन हो" भन्दै प्रस्तुत गरेका भए, तिनीहरू झूट बोल्ने अपराधी ठहर्थे; र त्यस अवस्थामा तिनीहरू **सच्चा** ठहरिन सक्दैनथे।

अतः बाइबलका वास्तविक लेखक केवल एकमात्र हुन सक्नुहुन्थ्यो —अर्थात् **परमेश्वर स्वयं**।

किन अस्वीकार?

बाइबलले आफैंलाई खण्डन गरेकोले होइन बरु मानिसको पापलाई खण्डन गरेकोले मानिसहरू बाइबललाई अस्वीकार गर्दछन्।

परमेश्वरले हामीतर्फ आफ्नो प्रेम प्रमाणित गर्नुभएको छ

बाइबलभरि यस्तो सत्य छैन जसले यति प्रबल रूपमा र कोमलतासहित हाम्रो हृदय छुन सक्छ— जसरी परमेश्वरको प्रेमले छुन्छ। बाइबलको यही सत्य हो, जसलाई शैतानले सबैभन्दा बढी मेटाउन चाहन्छ। छ हजार वर्षभन्दा बढी समयदेखि उसले मानिसलाई यसरी मनाउँदै आएको छ — "परमेश्वरले तिमीलाई प्रेम गर्नुहुन्न।" उसले हाम्रो पहिलो आमाबुबालाई पनि यही झूटमा विश्वास गरायो; र धेरैचोटि उसले उनीहरूको सन्तानहरूमा पनि यही काममा सफलता पाएको छ। परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्न भन्ने सोच धेरै पटक गलत शिक्षाबाटै आउँछ। आमाबाबुले गल्ती गर्छन्, जब उनीहरूले छोराछोरीलाई यसरी सिकाउँछन्— 'गल्ती गर्दा परमेश्वरले प्रेम गर्नुहुन्न, र सही काम गर्दा मात्र प्रेम गर्नुहुन्छ।' बाइबलले यस्ता कुरा सिकाउँदैन। आफ्ना छोराछोरीले गल्ती गरे भनेर तपाईंले "म तिमीहरूलाई घृणा गर्छु" भनेर व्यक्त गर्नु त हुँदैन। उनीहरूको गल्तीले तपाईंको प्रेम घृणामा त बदलिँदैन। यदि वास्तवमै त्यस्तो हुने भए, तपाईंको प्रेम त धेरै पटक बदलिन्थ्यो! तपाईंको बच्चा चिड्चिडो भयो वा आज्ञा मानेन भनेर तपाईंले उसलाई आफ्नै होइन जस्तो ठानेर बाहिर त फाल्नुहुन्न। होइन — ऊ अझै पनि तपाईंको बच्चा नै हुन्छ, र तपाईंले उसलाई प्रेमै गर्नुहुन्छ। उस्तै गरी, यदि मानिस परमेश्वरबाट टाढा गएका छन् भने उहाँले तिनीहरूलाई घृणा गर्नुहुन्छ भन्ने होइन। परमेश्वरले घृणा गर्नुहुन्छ — पापलाई, मानिसलाई होइन।

"परमेश्वरले हामीतर्फ आफ्नो प्रेम यसैमा प्रकट गर्नुहुन्छ — हामी पापी हुँदाहुँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो" - रोमी ५:८

मृत्युसम्म आज्ञाकारी



एकजना वृद्ध चिनियाँ विश्वासी महिलाको मृत्यु भयो। उनका परिवार-जनहरूले पास्टरलाई यसरी सम्बोधन गरे: "हामी दुःखी छौं कि तपाईं ढिलो आउनुभयो र उहाँलाई जिउँदै भेट्न सक्नुभएन। तर राजाले उहाँलाई बिहान ४ बजे हाजिर हुन बोलाउनु भयो, र उहाँ खुशीसाथ आज्ञा मान्नुभयो। हामी सबै अत्यन्त सम्मानित महसुस गर्दैछौं।" त्यो गरिब घरमा शोकमन्दा पनि एउटा गम्भीर आदरभावको शान्त वातावरण थियो। उनीहरूले केवल "उहाँमा प्रकट भएको अनन्त महिमाको भार" (२ कोरिन्थी ४:१७) को बारेमा मात्र कुरा गरे। ख्रीष्टियनहरूका सबै शोकाकुल परिवारका लागि यो कस्तो गहिरो पाठ हो!

सबै कुरामा परमेश्वर

मसँग जे-जति छन्, तिनैबीच परमेश्वर हुनुहुन्छ, र मबाट जे-जति लिएर लगियो, ती सबै परमेश्वरकै हातमा छन्।

परमेश्वरले हाम्रा विचार देख्नुहुन्छ

मानिसका अगाडि गर्न हामी डराउने कुरा, परमेश्वरका अगाडि सोच्न पनि हामी डराउनुपर्छ।

"उहाँका आँखाका सामु सबै थोक नाङ्गा र खुला छन्" - हिब्रू ४:१३

सम्पर्क: नारायणगढ चर्च, लायन्स चोक, भरतपुर-२, चितवन, नेपाल 9855071310

© 2026 WORDOFTRUTH.COM.NP

परमेश्वर संसारमा के गर्दै हुनुहुन्छ?

- अध्याय २ -

संघर्ष

पहिलो मानवीय जन्मदेखि उजाडस्थानको यात्रा सम्म

पहिलो जन्म — र पहिलो हत्या

अदनको बगैँचामा, आउनुहुने मुक्तिदाताको बारेमा परमेश्वरको पहिलो प्रतिज्ञा (उत्पत्ति ३:१५) सुन्न शैतान उपस्थित थियो। उसले बुझ्न सक्थ्यो कि यदि मुक्तिदाता आउनुभयो भने त्यो उसको लागि — र उसका सबै कामहरूको लागि — घातक हुनेछ। त्यसैले पुरानो नियमको इतिहासभरि मुक्तिदाताको आगमनलाई रोक्नु नै शैतानको मुख्य उद्देश्य बन्यो।

आदम र हव्वाले कयिन र हाबिललाई जन्माए। केही समयपछि, चाँडै प्रस्ट भयो — एक छोरोको मनोभाव धर्मी थियो, र अर्कोको अधर्मी। हाबिलको धर्मी मनोभावले शैतानलाई यस्तो विश्वास दिलायो— हाबिल नै मुक्तिदाता हुन सक्छ, वा मुक्तिदाता हाबिलकै सन्तानको वंशबाट आउनुहुनेछ। त्यसैले शैतानका लागि हाबिललाई हटाउनु अत्यन्त आवश्यक भयो। कयिनलाई पहिले नै विद्रोही र क्रोधी स्वभावले नियन्त्रणमा लिएको थियो, त्यसैले उसलाई आफ्नो भाइलाई मार्न उक्साउन शैतानलाई सजिलो भयो (उत्पत्ति ४:१–८)। कयिनले आफ्नै भाइको हत्या गर्दा शैतान संलग्न थियो भन्ने कुरा १ यूहन्ना ३:१०–१२ ले देखाउँछ। यही संलग्नताका कारण ख्रीष्टले भन्नुभयो



कि शैतान "शुरुदेखि नै हत्यारा थियो" (यूहन्ना ८:४४)। त्यसैले इतिहासको पहिलो हत्या शैतानले मुक्तिदाताको आगमन रोक्न खोजेकै कारण भएको थियो।

मानव जातिको सत्यत्याग

शैतानविरुद्धको आफ्नो युद्धमा, परमेश्वरले हाबिलको हत्या भएको कुराको सामना गर्न आदम र हव्वालाई अर्को धर्मी छोरो दिनुभयो जसको नाम सेथ थियो (उत्पत्ति ४:२५)। यो नामको अर्थ "प्रतिस्थापक" भएकोले, सेथलाई हाबिलको प्रतिस्थापकका रूपमा दिनु परमेश्वरको योजना नै भएको स्पष्ट हुन्छ। उत्पत्ति ५; ११:१०–३२; र लूका ३:२३–३८ मा सूचित वंशावलीहरूले देखाउँछन् कि मुक्तिदाता पनि सेथकै वंशबाट आउने परमेश्वरको योजना थियो।

शैतानलाई प्रस्ट भयो कि ऊ जति नै धर्मी छोरा नष्ट गर्न सफल होस्, परमेश्वरले फेरि अर्को उठाइदिनुहुन्छ। त्यसपछि शैतानले आफ्नो कार्यशैली बदल्यो। अब उसले ठान्यो—सेथको वंश सहित नै पूरै मानव जातिलाई सत्यत्यागमा डोऱ्याएर बिगार्नु पर्छ। उसले आक्रमण यसरी सुरु गऱ्यो: कयिनमार्फत एक अधर्मी वंश खडा गऱ्यो। कयिन र उसका सन्तानहरूले परमेश्वरलाई बेवास्ता गर्ने सोचसहित एक विकसित सभ्यता निर्माण गर्न थाले। त्यस सभ्यतामा बहुविवाह र हिंसा फैलिएको थियो (उत्पत्ति ४:१६–२४)।

समय बित्दै जाँदा, सेथको धर्मी वंशको कयिनको अधर्मी वंशसँग सम्पर्क हुन थाल्यो, र त्यस सम्पर्ककै कारण सेथको वंश पनि सत्यत्यागले प्रभावित हुँदै गयो। अन्ततः मानव जाति यति बिग्रियो कि संसार नै हिंसा र भ्रष्टताले भरियो (उत्पत्ति ६:११, १३)। परमेश्वरले हेर्दा अवस्था यस्तो देखिन्थ्यो—"पृथ्वीमा मानिसको दुष्टता ज्यादा भएको र त्यसको हृदयका विचारहरू निरन्तर खराबै मात्र भएको" (उत्पत्ति ६:५)। परमेश्वर यति दुःखित हुनुभयो कि उहाँले मानिसलाई पृथ्वीको सतहबाट नष्ट गर्ने आफ्नो निर्णय घोषणा गर्नुभयो (उत्पत्ति ६:६–७)।

जलप्रलय

यद्यपि शैतान अधिकांश मानव जातिलाई बिगार्न सकेको थियो, उसले सबैलाई भने बिगार्न सकेन। किनकि परमेश्वरले उसको सामना यसरी गर्नुभयो—सेथको वंशमा भएको एक धर्मी मानिसलाई जोगाएर (उत्पत्ति ५:६–२९; ६:९)। त्यो मानिसको नाम नूह थियो। ठूला दबाबहरूबीच पनि नूह आफ्नो अडानमा अडिग रहे, र आफ्नै समयका मानिसहरूको सत्यत्यागी सोच र व्यवहारबाट प्रभावित हुन उनले अस्वीकार गरे। यस्तै परिस्थितिमा परमेश्वरले प्रयोग गर्न योग्य एक जना मानिस तयार हुन गयो। हो, नूह केवल एक जना मात्र थिए—तर आफ्नो परिवारसहित, सेथको धर्मी वंशलाई अगाडि बढाउन त्यही पर्याप्त भयो। यही वंशबाट मुक्तिदाता आउनुहुने थियो।

परमेश्वरले भ्रष्ट मानव जाति नष्ट गर्ने निर्णय गर्नुभयो— केवल न्यायको उद्देश्यका लागि मात्र होइन, तर त्यो भ्रष्टता नूहका सन्तानहरूसम्म फैलिन नपाओस् भन्ने हेतुले पनि। यस अर्थमा, विनाश नै परमेश्वरको उपाय बन्न गयो, ताकि मुक्तिदाताको वंश जोगियोस् र शैतानले परमेश्वरको राज्यविरुद्ध युद्ध जित्न नपाओस्।

परमेश्वरले नूहलाई एउटा विशाल जहाज बनाउन निर्देशन दिनुभयो, ताकि नूह, उसका परिवार, र चराहरू तथा स्थल-जन्तुका प्रत्येक किसिमका प्रतिनिधिहरू आउने विनाशबाट बच्न सकून् (उत्पत्ति ६:८–७:१६)। जहाजका सबै यात्रु सुरक्षित रूपमा भित्र पसिसकेपछि, परमेश्वरले सम्पूर्ण पृथ्वीलाई एक भीषण प्रलयद्वारा डुबाउनुभयो (उत्पत्ति ७:१०–१२)। त्यसको अन्तिम परिणाम यस्तो भयो —जहाज बाहिर रहेका सबै मानिसहरू र सबै स्थल-जन्तुहरू नष्ट भए (उत्पत्ति ७:२१–२३)। यसरी, परमेश्वरले मुक्तिदाता आउनै नसकोस् भन्ने हेतुले पूरै मानव जातिलाई बिगारिदिने शैतानले रचेको योजना नै विफल पार्नुभयो।



नयाँ सुरुआत र नयाँ सत्यत्याग

जलप्रलयले शैतानको राज्यका मानिसहरूलाई नष्ट गऱ्यो। यसले मानव जातिलाई परमेश्वरसँग नयाँ सुरुआत गर्ने अवसर दियो। जलप्रलय समाप्त भएपछि, नूहले आफ्नो परिवारलाई लिएर परमेश्वरको आराधनामा नेतृत्व गरे (उत्पत्ति ८:२०)। जलप्रलयभन्दा अघि मानव जातिको भ्रष्टता एक हत्याराको निरन्तर अस्तित्व र प्रभावबाट सुरु भएको थियो; त्यसकारण, जलप्रलयपछि फेरि त्यस्तै भ्रष्टता नबढोस् भनेर रोक्ने उद्देश्यले परमेश्वरले मृत्युदण्डको व्यवस्था स्थापना गर्नुभयो (उत्पत्ति ९:५–६)। यसका साथ-साथै मानव सरकारको व्यवस्थासमेत सुरु गरियो, किनकि सजाय लागू गर्न एउटा शासन-प्रणाली आवश्यक थियो। यसरी, मृत्युदण्ड र मानव सरकार — यी दुई कुरा — मानिसको पापी स्वभावमाथि बाहिरी लगामको रूपमा परमेश्वरले नै स्थापना गर्नुभयो। तिनको उद्देश्य संसारमा शैतानको राज्यको कामलाई रोक लगाउनु हो।

यही कारणले पावलले रोमी १३:१–६ मा लेखे:

हरेक मानिस उच्च अधिकारीहरूको अधीनतामा रहोस्। किनकि कुनै अधिकारी नै छैन, जो परमेश्वरबाटको होइन; अनि जुन अधिकारीहरू छन्, ती अधिकारीहरू परमेश्वरद्वारा नियुक्त गरिएका हुन्। यसकारण जसले अधिकारीको विरोध गर्दछ, त्यसले परमेश्वरकै विधिलाई विरोध गर्दछ; अनि विरोध गर्नेहरूले आफूमाथि दण्ड ल्याउनेछ। किनकि शासकहरू असल कामहरूका निम्ति होइन, तर खराब कामहरूका निम्ति डरका कारण हुन्। के तिमी अधिकारीसँग डराउन चाहँदैनौ? असल काम गर, र तिमीले अधिकारीबाट प्रशंसा पाउनेछौ। किनकि तिनी भलाइका निम्ति तिम्रा लागि परमेश्वरको सेवक हुन्। तर तिमी खराब काम गर्दछौ भने डराऊ; किनकि तिनले व्यर्थमा तरवार भिर्दैनन्; किनकि तिनी त खराब काम गर्नेमाथि क्रोध प्रकट गरी बदला लिने परमेश्वरको सेवक हुन्। यसकारण तिमीहरू क्रोधको कारणले मात्र होइन, तर विवेकको कारणले पनि अधीनतामा रहनुपर्छ। किनभने यही कारणले गर्दा तिमीहरूले कर पनि तिर्दछौ, किनकि तिनीहरू यही काममा निरन्तर लागिरहने परमेश्वरका सेवकहरू हुन्।

साभार: What On Earth Is God Doing by Renald Showers

मनन गरौं



छिटो-छिटो पढ्नु मात्रले होइन, बरु पवित्र र स्वर्गीय सत्यहरूमा गम्भीर रूपमा चिन्तन गर्नाले तिनीहरू आत्माका लागि मीठा र लाभदायक बन्छन्। जसरी मह चुस्ने काम फूल छुनासाथ हुँदैन; मौरी केही समय त्यहीँ बसेर त्यसबाट मीठोपन तान्छ—ठीक त्यसरी नै, धेरै पढ्ने मानिस होइन, बरु धेरै मनन गर्ने मानिस नै सबैभन्दा उत्तम, मधुर, बुद्धिमान् र सबल ख्रीष्टियन ठहरिन्छ।

कुखुरिच्याँ-चुगली रोक्ने औषधि

एलिजाबेथ हल (पास्टर थोमस चाल्मर्सकी आमा) सानातिना चुगली र अरूको बदनाम गर्ने कुरा एकदमै मन पराउँदैनथिन्। उनको एउटा नियम थियो — उनले सबै चिनजानलाई पहिले नै बताएकी थिइन्, र उनले त्यो नियम सधैँ कडाइका साथ पालना गर्थिन्। उनको नियम यस्तो थियो: "जब कुनै व्यक्तिले मलाई भन्छ— 'फलानाले यस्तो गलत कुरा भनेछ वा गरेको रहेछ'—म तुरुन्तै उठ्छु, सीधै त्यही व्यक्तिकहाँ जान्छु, र भन्छु: 'तपाईंको बारेमा यस्तो भनिएको छ, र यसलाई फलानाले भनेका हुन्। के यो कुरा सत्य हो?'" हामीलाई लाग्छ— यो नियम पालना गर्नेले यसलाई प्रयोग गर्न प्रायः आवश्यकता नै पर्दैन।